# -एमाले प्रतिस्पर्धामा
# ए नेकपा–रास्वपा






नेकपामा प्रवेश गरेर गुरुङ उम्मेदवार बनेका छन् । गुरुङ २०७४ को निर्वाचन एमालेबाट ओखलढुंगा क्षेत्र 'क'बाट प्रदेश सभा सदस्य हुँदै भौतिक मन्त्रीसमेत भएका थिए । रास्वपाका उम्मेदवार विश्वराज भने नेपाल प्रहरीको पूर्वएआइजी हुन् । चारै जना उम्मेदवार प्रतिनिधि सभा सदस्यमा उठेका नयाँ अनुहार हुन् ।

यसअघि प्रायः दुई पक्षीय चुनावी प्रतिस्पर्धा हुँदै आएमा यसपटक चार पक्षीय प्रतिस्पर्धा देखिएको ओखलढुंगाको राजनीतिक वृत्तमा चर्चा भइरहेको छ । 'कांग्रेस-एमालेको पुरानै प्रतिस्पर्धा छँदै छ,' पूर्वगाविस अध्यक्ष शंकर कट्वालले भने, 'रास्वपा र नेकपाका तर्फबाट पनि राम्रै उम्मेदवार मैदानमा देखिएका छन् ।' पछिल्लोपटक रास्वपाको हावा र एमालेकै जिल्लास्तरीय नेताहरूसहित कोशी प्रदेशका पूर्वमन्त्री नेकपामा गएर उम्मेदवार बनेपछि निर्वाचन थप रोचक बन्दै गएको उनी बताउँछन् । तर मुख्य प्रतिस्पर्धा कांग्रेस-एमालेकै हुने उनको विश्लेषण छ ।

१ लाख २२ हजार ७ सय १५ मतदाता रहेको ओखलढुंगामा ५९ हजार ८ सय ७१ महिला छन् । अघिल्लो निर्वाचनमा जिल्लामा १ लाख १८ हजार ३ सय ७६ जना मतदाता रहेकोमा यसपटक ९ हजार ३ सय ३९ नयाँ मतदाता थपिएका थिए । यो निर्वाचनमा कम्तीमा ७०/७५ हजार मत खस्ने र चुनाव जित्न कम्तीमा २० हजारमाथि मत कटाउनुपर्ने अनुमान गरिएको छ ।

कांग्रेसका उम्मेदवार लुईंटेल पार्टी सभापति गगन थापानिकट मानिन्छन् । उनी कोशी प्रदेश समितिका सदस्य हुन् । विशेष महाधिवेशनबाट पार्टीमा नयाँ नेतृत्व स्थापित भएपछि कांग्रेसमा फेरिएको समीकरणसँगै पूर्वसांसद एवं पूर्वकेन्द्रीय सदस्य रामहरि खतिवडाले टिकट पाएनन् । खतिवडाको मन खुम्चियो भने लुईंटेलको मतमा ह्रास आउने ओखलढुंगा कांग्रेसका नेताहरूको विश्लेषण छ । खतिवडा र पूर्वकेन्द्रीय सदस्य तथा कोशी प्रदेशका भौतिक पूर्वाधारमन्त्री प्रदीप कुमार सुनुवारले राम्रोसँग सहयोग गर्दा लुईंटेलको जितलाई कसैले रोक्न नसक्ने नेताहरूको दाबी छ । उम्मेदवार लुईंटेल पनि आफू जित्नेमा कुनै शंका नरहेको दाबी गर्छन् । 'पार्टीले निर्णय नगर्दासम्म टिकटको प्रतिस्पर्धामा मसहित नेताहरू पनि हुनुहुन्थ्यो,' उनले भने, 'पार्टीले निर्णय गरेर टिकट दिइसकेपछि हामी एकमतका साथ चुनावमा होमिएका छौं ।'

पूर्वएमाले नेता गुरुङ जिल्ला पदाधिकारीसहित नेकपामा प्रवेश गरेसँगै आफ्ना केही मत तान्ने एमालेका नेता कार्यकर्ताहरूको चिन्ता छ । उनीसँगै २९ जना जिल्लास्तरीय नेताले पार्टी छाडेपछि एमालेलाई धक्का लाग्न सक्ने आँकलन गरिएको छ । यद्यपि सांगठनिक रूपमा जरैसम्म पुगेको एमाले केही नेताको बहिर्गमनलाई स्वाभाविक रूपमा लिँदै चुनावी नतिजामा फरक नपर्ने एमाले नेताहरू बताउँछन् । एमाले उम्मेदवार थापा केही मानिसले पार्टी छाड्दैमा आमकार्यकर्ता र मतदाताले एमाले नछाड्ने दाबी गरिन् । लिखु गाउँपालिकाको उपाध्यक्ष छाडेर प्रतिनिधि सभा सदस्यको प्रत्यासी बनेकी थापालाई एमालेले जेनजी उम्मेदवारका रूपमा अघि सारेको एमालेका केन्द्रीय सदस्य यज्ञराज सुनुवारले बताए ।

नेकपा उम्मेदवार गुरुङ आफू प्रदेशमन्त्री भएर जिल्लाको विकासमा महत्त्वपूर्ण योगदान गरेकाले मतदाताको पहिलो रोजाइमा पर्ने दाबी गर्छन् । 'प्रदेशमन्त्री भएका बेला जिल्लामा मैले गरेको विकास र समृद्धिको योजना ठूलो छ,' उनले भने, 'ती योजनालाई अब संघीय संसदमा पुगेर पुरा गर्नकै लागि मैले उम्मेदवारी दिएको हुँ ।'

अर्को, प्रतिस्पर्धी रास्वपाका उम्मेदवार विश्वराज पोखरेल नेपाल प्रहरीका पूर्वअतिरिक्त महानिरीक्षक (एआइजी) हुन् । रास्वपाको माहोल देशभरि नै बढ्दै गएका बेला पोखरेल पनि जिल्लाका मतदाताबीच लोकप्रिय बन्दै गएका छन् । उनी मंसिर १२ गते रास्वपा प्रवेश गरेर १३ गतेदेखि ओखलढुंगामै छन् । 'ओखलढुंगाका जनता परिवर्तनका पक्षमा लागेर मत बदल्ने योजनामा छन्,' उनले भने, 'मतदाताहरू आफैं पुरानालाई पटकपटक मत दियौं, अब नयाँलाई एकपटक हेर्ने र अवसर दिने भनिरहेका छन् । यसपटक म जित्नेमा ढुक्क छु ।' विगतको मत परिणामका आधारमा पुराना पार्टीबाट उम्मेदवार बनेका थापा र लुईंटेलबीच मुख्य प्रतिस्पर्धा हुने दुई पार्टीका नेताकार्यकर्ताको भित्री विश्लेषण रहे पनि देशैभरि उदाउँदै आएको रास्वपा र नयाँ मतदाताको झुकावले ओखलढुंगाको नतिजा पनि प्रभावित हुन सक्ने आँकलन छ । प्रतिस्पर्धी मानिएका यी चार उम्मेदवारबाहेक जिल्लाबाट श्रम संस्कृति पार्टीबाट डा. उद्धवकुमार राई, उज्यालो नेपाल पार्टीबाट जेनजी अगुवा किशोरी कार्की, राप्रपा नेपालबाट छिकप्रसाद बास्तोला, जनता समाजवादी पार्टीबाट नेत्रबहादुर नेम्वाङ, मंगोल नेसन अर्गनाइजेसनबाट बजेन्द्र वाम्बुले राई, मितेरी पार्टी नेपालबाट कुमारबहादुर तामाङ तथा स्वतन्त्र विक्रम दाहाल पनि प्रतिस्पर्धामा छन् । रास्वपाका जिल्ला नेतासमेत रहेका दाहाल टिकट नपाएपछि पार्टीबाट अपमान भएको भन्दै स्वतन्त्र उम्मेदवार बनेका हुन् ।

## ...लयमै भोट माग्न थाले

**६८४ उम्मेदवार...**

गम्भीर विषयमा काम पर्दैका व्यक्ति पुग्दा प्रभावकारी काम हुन नसक्ने मतसमेत प्रकट हुने गरेको छ । किनभने नीति निर्माण, कानुन संशोधन र राज्य सञ्चालनका जटिल विषयमा निर्णय गर्ने जिम्मेवारी बहन गर्ने प्रतिनिधिको बौद्धिकस्तर मापन गर्ने एउटा आधार शैक्षिक योग्यता हो । शिक्षा, अर्थतन्त्र, स्वास्थ्य, प्रविधि र अन्तर्राष्ट्रिय सम्बन्धजस्ता विषयमा संसदको भूमिका बढ्दै गएको सन्दर्भमा सांसदको शैक्षिक पृष्ठभूमि महत्वपूर्ण हुने गर्दछ । तथापि शैक्षिक योग्यता खुलाउनुपर्ने विषय कानुनतः बाध्यात्मक छैन ।

कानुन तहः बाध्यात्मक नभए तापनि उम्मेदवारले व्यक्तिगत विवरण लुकाउनु भने नैतिक प्रश्न विपरीत हो । औपचारिक शिक्षा कम लिए तापनि अनौपचारिक माध्यमबाट व्यक्तिले ज्ञान हासिल गरेको हुन सक्छ । यो विषय प्रतिनिधि उम्न तयार भएकाले भन् दुक्कले भन्न सक्नुपर्छ । किनभने लोकतन्त्रमा चुनाव केवल संख्या गन्ने प्रक्रिया होइन, सचेत छनोटको अभ्यास हो । यसकारण उम्मेदवारको न्यूनतम विवरण स्पष्ट र अनिवार्य रूपमा सार्वजनिक हुनुपर्छ ।

**खिटमा...**

खटिन तयारी अवस्थामा सेना रहेको छ,' उनले भने । हाल सशस्त्र प्रहरीले सुरक्षा गरिरहेको सार्वजनिक भवन, कारागार तथा अन्य स्थानमा पनि सेनाले सुरक्षा दिने तयारी छ ।

एकीकृत निर्वाचन सुरक्षा योजना, २०८२ अनुसार निर्वाचनमा चारै सुरक्षा निकाय र निर्वाचन प्रहरी गरी ३ लाख ३७ हजार ७ सय ८८ सुरक्षाकर्मी परिचालन हुने गृह मन्त्रालयले जनाएको छ । जसमा ७९ हजार ७ सय २७ नेपाली सेना, ७५ हजार ४ सय ७३ जना नेपाल प्रहरी, ३४ हजार ५ सय ७९ सशस्त्र प्रहरी र ९ हजार ९ सय २१ गुप्तचर पनि निर्वाचन सुरक्षामा खटिनेछन् । नेपाल प्रहरी मातहत रहने गरी १ लाख ३० हजार ९ सय ८० जना र सशस्त्र प्रहरी मातहत रहने गरी १४ हजार १ सय १० निर्वाचन प्रहरी परिचालन हुनेछन् । उनीहरूको तालिम सुरु भइसकेको छ । निर्वाचनका लागि पहिलो सुरक्षा घेरामा नेपाल प्रहरी र प्रहरीको सहयोगीका रूपमा निर्वाचन प्रहरी खटिनेछन् । त्यस्तै, दोस्रो घेरामा सशस्त्र प्रहरी र बाहिर सुरक्षा घेरामा नेपाली सेनालाई जिम्मेवारी दिइएको छ ।

देशभर ३ हजार ६ सय ८० अति संवेदनशीलसहित २३ हजार १ सय १२ मतदान केन्द्र छन् । ती मतदान केन्द्रमा नेपाल प्रहरीले भित्री घेराको सुरक्षा गर्ने नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डिआइजी अबिनारायण काफ्लेले बताए । एक मतदान स्थलमा कम्तीमा आठ जनादेखि ८० जनासम्म सुरक्षाकर्मी खटिने उनको भनाइ छ । 'हामी अहिले पूर्वनिर्वाचन सुरक्षाको चरणमा छौं,' उनले भने, 'अहिले नेपाल प्रहरीका कर्मचारी र साइबर प्रहरीलाई निर्वाचन सुरक्षासम्बन्धी अनुशिक्षण दिइसकेको छ । प्रहरी प्रधान कार्यालय, प्रदेश प्रहरी कार्यालयसहित देशभर ९३ वटा निर्वाचन सेल गठन गरेका छौं,' काफ्लेले मध्यान्हसँग भने । निर्वाचनको पूर्वसन्ध्यामा विशेष निर्वाचन सुरक्षा केन्द्रित अभियान चलाएको काफ्लेले बताए । 'यसबाट फरार कैदीबन्दी पक्राउ गर्ने र लुटिएका हतियार बरामद गर्ने काम निरन्तर भइरहेको छ,' काफ्लेले भने, 'सीमा क्षेत्रमा विशेष निगरानी गर्ने, विस्फोटक पदार्थ भित्रिन नदिन लगायत उम्मेदवारको सुरक्षा व्यवस्थाका लागि चुस्त व्यवस्थापन गराएको उनको दाबी छ ।

निर्वाचन सुरक्षार्थ आवश्यक सवारी, इन्धनलगायतका काममा सरकारले रकमको अभाव हुन नदिन बजेट निकासा गरिसकेको गृह मन्त्रालयले जनाएको छ । जसका लागि नेपाल प्रहरीलाई १ अर्ब ५४ करोड ३३ लाख ९८ हजार ७ सय ५० बजेट अर्थ मन्त्रालयले स्वीकृत गरेको थियो । त्यस्तै, सशस्त्र प्रहरीलाई ६५ करोड २४ लाख ३४ हजार र गुप्तचरलाई ४ करोड ६५ लाख सुनिश्चित गरेर आवश्यक व्यवस्थापनको काम गर्दै आएको छ । निर्वाचन प्रहरी (म्यादी)का लागि नेपाल प्रहरीलाई ७ अर्ब १३ करोड २५ लाख ८९ हजार र सशस्त्र प्रहरी मातहत रहने निर्वाचन प्रहरीका लागि ८० करोड ८४ लाख ५३ हजार रुपैयाँ छुट्याइएको छ ।

**दुष्प्रचार ...**

'ई-मोनिटर प्लस' नाम दिइएको छ,' उनले भने, 'यसले मिसइन्फरमेसन, फेक इन्फरमेसन, डिपफेकलगायत पहिचान गर्नेछ ।'

उक्त सफ्टवेयरले भिडियो मनिटर नगर्ने तर शब्द र तस्बिर भने मनिटर गर्ने घिमिरेले बताए । सफ्टवेयरले दिएको संकेतका आधारमा गलत तथा भ्रामक प्रचारको पहिचान गरेर कारबाहीको दायरामा ल्याइने बताइएको छ । यो सफ्टवेयर हेर्न छुट्टै इकाइ गठन गरी निर्वाचन आयोगमा राखिएको छ । साइबर ब्युरोका डिएसपी, नेपाली सेनाको टोलीदेखि विज्ञापन बोर्डसमेतका प्रतिनिधिसमेत रहनेगरी सफ्टवेयर मनिटरको व्यवस्थापन गरिएको निर्वाचन आयोगले जनाएको छ ।

**ग्यास...**

हड्ताको कारण खाली भएको ग्यास एकैपटक भरेर राहदासमेत समस्या देखिएको व्यवसायी बताउँछन् ।

नेपाल आयल निगमअन्तर्गत एलपी ग्यास तथा एभिएसन विभागका निर्देशक विनितमणि उपाध्याय ग्यासको अभाव गुनासो पछिल्लो दुई साताय आइरहेको बताउँछन् । यसमा निगमले गम्भीरता साथ लिएको भन्दै वाणिज्य विभागको सहकार्य अनुगमन सुरु गरिएको बताए । निगमले ग्यास आयातको कोटासमेत बढाइसकेको भन्दै अहि देखिएको समस्या हट्ने दाबी गरे ।

**फ्रि भिसा...**

भिसा फ्रि टिकटको निर्णय लागू गरी सेव शुल्क १० हजार तोकिएपश्चात नेपालको वैदेशिक रोजगार क्षेत्रमा विकृतिको सुरुवात भएको दाबी ग आएको छ । व्यवसायीहरूले मुलतः भारत, बंगलादेश पाकिस्तान र श्रीलंकाको अभ्यासलाई ध्यानमा राखे लागत निर्धारण गर्दा श्रमिकहरूको खर्च नियन्त्र तथा पारदर्शी हुने, खर्चअनुसारको बिल भरपाई प्राप्त हुँदा लगानी सुरक्षित, बैंकिङ प्रणालीबाट कारोबार बिचौलियाको अन्त्य हुने भन्दै सरकार, व्यवसायी श्रमिक तीनवटै पक्षलाई फाइदा पुग्ने धारणा राखे आएका छन् ।

मन्त्री भण्डारीले पनि वैदेशिक रोजगारीसँ जोडिएको फ्रि भिसा फ्रि टिकटको व्यवस्था समस्याक रूपमा देखापरेको उल्लेख गरे । बाहिरबाट हेर्दा राम्र देखिए पनि फ्रि भिसा फ्रि टिकटको व्यवस्थाले राजस्व चुहावट, कर छली र संगठित अपराधलाई बढाव दिएको मन्त्री भण्डारीको दाबी छ ।

उनले भने, 'हामी श्रमिकमैत्री नबनेकै हो आत्मसमीक्षा गरौं । अब हामीले वैदेशिक रोजगा ऐनअन्तर्गतको नियमावलीको नियम ४५ (३) म कार्यविधि बनेको छ । त्यसमा कार्यविधिको प्रयो गरेर यस क्षेत्रमा देखिएका समस्या तथा बाध अड्चनहरू फुकाउन सकिनेछ भनिएको छ अन्तरिम सरकारको कार्यकालमै वैदेशिक रोजगारसँ सम्बन्धित कार्यविधि संशोधन गर्नका लागि समिति बनेको छ । समितिले स्टेकहोल्डरहरूसँग आवश्यक सुझाव लिएर काम गरिरहेको छ । वैदेशिक रोजगारसँग जोडिएको फ्रि भिसा फ्रि टिकटको विषय पनि समस्याको रूपमा देखिएको छ । हेर्दा सुन्दा राम्रो लागेपनि त्यसले राजस्व चुहावटदेखि लिएर कर छली र संगठित अपराधहरू यसको माध्यमबाट भइरहेका छन् । त्यसकारण यस्ता प्रकारका पर्पुनिष्ट मुद्दालाई लिएर कहिलेसम्म हामी गुमराहमा पर्ने त्यसकारण यसलाई खारेज गरौं ।'

मन्त्री भण्डारीले वैदेशिक रोजगारसम्बन्धी कार्यविधि संशोधनका लागि समिति गठन भइसकेको जानकारी दिँदै समितिले सरोकारवालासँग सुझाव संकलन गरेर काम गरिरहेको बताए ।


**मानेभञ्ज्याङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मानेभञ्ज्याङ, ओखलढुङ्गा**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशन मिति २०८२/१०/२१

यस कार्यालयको मिति २०८२/०९/०९ गते Manebhanjyang Gaupalika Hitti-Raghavpur-Koltar-Bhalukhola-Kumling Sadak Nirman Tatha Staronnati 82/83 कार्यको लागि सौर्य दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार E-Bidding मार्फत पेश हुन आएका बोलपत्रहरू मध्ये सबैभन्दा न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही तपशिलको बोलपत्र स्वीकृतीका लागि छनोट गरिएको हुँदा सार्वजनिक खरिद ऐन ,२०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना जारी गरिएको छ ।

तपशिल

| क.स. | ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| १ | MRM/NCB/8RCW/06/082/83 | श्री भरोसा कन्स्ट्रक्सन प्रा.लि., सिद्धिचरण-११, ओखलढुंगा | ३,२९८,१४०।०० |

मानेभञ्ज्याङ गाउँपालिकाको कार्यालय
मानेभञ्ज्याङ, ओखलढुङ्गा